Regd. No. 165341
PAN: 303439675

# Bindhyabasini Hydropower Development Company Ltd.

च.न.: ०३६/०७९/८०

मिति २०७९/०८/२९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, सिंहदरबार, काठमाडौं ।

**विषय :- कम्पनीको आ. व . २०७८/७९ को वार्षिक साधारण सभा सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको मिति २०७९/०८/२९ गते दिउसो ४:०० बजे बसको सञ्चालक समितिको बैठकले कम्पनीको आ. व. २०७८/७९ को वार्षिक साधारण सभा तपसील बमोजिम बस्ने भएको व्यहोरा ताहँको जानकारीको लागि अनुरोध छ ।

**तपसील:**

मिति : २०७९।०९। २२ गते, शुक्रवार ।
समय : विहान १०:०० बजे ।
स्थान : कम्पनीको कार्यालय परिसर, नयाँ बानेश्वर, काठमाडौं

**वार्षिक साधारण सभाको विषय सूचि :**

**सामान्य प्रस्ताव**

(क) सञ्चालक समितिको आ. व. २०७८/०७९ वार्षिक प्रतिवेदनमा छलफल गरी स्वीकृत गर्ने ।
(ख) कम्पनीको आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरण छलफल गरी अनुमोदन गर्ने ।
(ग) आ. व. २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र पारीश्रमिक तोक्ने ।
(घ) कम्पनीको चुक्ता पूँजीको ०.०२६३२ % नगद लांभाश (बोनश शेयरको कर तिर्ने प्रयोजनका लागि मात्र) वितरण गर्ने ।
(ङ) कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार समुह (ख) अर्न्तगत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व २ जना सञ्चालक चयन/निर्वाचन गर्ने
(च) विविध ।

**विशेष प्रस्ताव**

(क) कम्पनीको हाल कायम रहेको चुक्ता पूँजीको ५ प्रतिशतका दरले वोनश शेयर वितरण गर्ने ।
(ख) कम्पनीको प्रबन्धपत्रको दफा ६ को उपदफा ख र ग संशोधन गर्ने ।
ग) कम्पनीको नियमावलीको दफा २३ संशोधन गर्ने ।
घ) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनहरुमा नियमन निकायहरुको निर्देशनमा परिमार्जन, हेरफेर तथा थपघट गर्न आवश्यक हुने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

साथै वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका र शेयर दाखिला खारेजको कार्य मिति २०७९/०९/१३ गते १ दिन बन्द रहनेछ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई कायम रहेका शेयरधनीहरु मात्र साधारण सभामा .भाग लिन पाउने ब्यहोरा समेत तहाँको जानकारीको लागि अनुरोध गर्दछौं ।

सहयोगको लागि धन्यवाद ।

भवदीय,

.....................

आधिकारिक दस्तखत

BINDHYABASINI HYDROPOWER DEVELOPMENT CO. LTD. KATHMANDU, NEPAL